देवेन्द्र उप्रेती, लोकरञ्जन पराजुली र मधुसुदन सुवेदी

## नेपालका कलेजमा समाजशास्त्रको पठन-पाठन

# जनशक्ति विनाको विस्तार

**नेपालको उच्च शिक्षामा विद्यमान नीति विहीनता र गतिछाडापन समाजशास्त्र विषयको पढाइको विस्तारमा पनि प्रष्ट देख्न सकिन्छ। तर यस्तो विस्तारले गुणस्तरीय विद्यार्थी उत्पादन गर्न सक्दैन। समाजशास्त्रमा उच्च शिक्षाको प्रमाणपत्र लिनेको संख्या बढ्नु भनेको समाजशास्त्रको विकास हुनु होइन।**

नेपालमा हाल नौ ओटा विश्वविद्यालय सञ्चालनमा भए पनि मानविकी तथा सामाजिक विज्ञानका 'कोर' विषय अध्ययन गर्नका लागि अझै पनि त्रिभुवन विश्वविद्यालयमै भर पर्नुपर्छ। सरकार र समाज दुवैको जोड- प्राविधिक भनिने र बजारमा सजिलै बिक्ने ठानिएका शिक्षाको विस्तार-विकासमा ज्यादा देखिन्छ। र, खासगरी नयाँ स्थापना भएका विश्वविद्यालय र कलेजहरूको ध्यान पनि त्यतैतर्फ छ। त्यसैले साधारण शिक्षामा पर्ने व्यवस्थापन र शिक्षा विषयमा बाहेक मानविकी तथा सामाजिक विज्ञानका अन्य विषयहरूको स्थिति विकराल छ। इतिहास, संस्कृति, राजनीतिशास्त्र आदिमा विद्यार्थी नभएको या शिक्षकभन्दा विद्यार्थी थोरै भएको कुरा पत्रपत्रिकाका निम्ति समेत समाचारका विषय बन्ने गरेका छन्।

यस्तो विषम परिस्थितिमा पनि समाजशास्त्र विषय पढ्ने विद्यार्थीको संख्यामा भने भारी वृद्धि देखिएको छ। तर, यो वृद्धि सम्भव भएको सरकार या विश्वविद्यालयको सचेत प्रयासका कारण होइन। यो



blog.wenner-gren.org

त विद्यार्थी या स्थानीय माग पूरा गर्ने क्रममा यत्रतत्र खुलेका निजी तथा सामुदायिक क्याम्पसहरूले सम्भव तुल्याएका हुन्। यसरी भर्खर समाजशास्त्रको पढाइ खुल्दा स्थानीय विद्यार्थीले आफ्नै ठाउँमा आफूले पढ्न चाहेको विषय अध्ययन गर्ने अवसर त पाए, तर महत्त्वपूर्ण कुरा यसरी खुलेका यी विभागले कसरी र के पढाइरहेका छन् भन्ने हो। किनकि त्यहाँ हुने पढाइको स्तरको चिन्ता कसैले गरेको देखिँदैन। न गुणस्तर अभिवृद्धिका लागि कुनै संस्थागत मेकानिज्म या संयन्त्र परिचालित छन्। *शिक्षक* का अघिल्ला अंकहरूमा हामीले उच्च शिक्षा क्षेत्रमा देखिएको नीतिगत अस्पष्टता र तदर्थवादलाई औंल्याएका थियौं। समाजशास्त्र विषयको विस्तार र विकास केलाउँदा पनि त्योभन्दा भिन्न तस्वीर देखिन्न।

### इर्ष्यालाग्दो विस्तार

त्रिविमा मानविकी तथा सामाजिक विज्ञानका अन्य विधाको तुलनामा समाजशास्त्र/मानवशास्त्रको पढाइ ढिलो (सन् १९८१) शुरू भएको हो। समाजशास्त्र र मानवशास्त्र छुट्टिएर हालै मात्रै स्वतन्त्र विभाग बनेका छन्। यस हिसाबले औपचारिक रूपमा समाजशास्त्र कान्छो विभाग भए पनि पछिल्ला दशकमा त्रिवि अन्तर्गतका क्याम्पसमा समाजशास्त्रमा स्नातक र स्नातकोत्तर तहको विस्तार भने इर्ष्यालाग्दो रूपमा भएको छ। त्रिवि स्रोतले दिएको जानकारी अनुसार समाजशास्त्र विषय त्रिविको मानविकी तथा सामाजिक विज्ञान संकाय अन्तर्गत स्नातकोत्तर तहमा सबैभन्दा बढी विद्यार्थी भर्ना हुने विषय हो। यसबाहेक, पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विश्वविद्यालयमा समेत समाजशास्त्रमा स्नातक र स्नातकोत्तर तहको पढाइ हुन्छ। यी तथ्यले नेपालमा समाजशास्त्रको संख्यात्मक विस्तार उल्लेखनीय मात्रामा भएको देखाउँछ।

२०५५ सालसम्म विश्वविद्यालय क्याम्पस, कीर्तिपुरमा मात्र सीमित समाजशास्त्र/मानवशास्त्रको स्नातकोत्तर तहको पढाइ २०७२ सालमा आइपुग्दा मुलुकका अधिकांश ठूला मानिएका क्याम्पसमा विस्तारित भइसकेको छ। अहिले कीर्तिपुर बाहेक त्रिविका १९ ओटा आंगिक क्याम्पसमा समाजशास्त्रमा स्नातकोत्तर तहको पढाइ हुन्छ। त्यसैगरी १७ ओटा अरू सामुदायिक तथा निजी क्याम्पसले समाजशास्त्रमा स्नातकोत्तर कार्यक्रम सञ्चालन गर्ने भनी त्रिविसँग सम्बन्धन लिएका छन्। निजी, सामुदायिक र आंगिक गरी सयभन्दा बढी त्रिविका क्याम्पसमा स्नातक तहको अध्यापन हुन्छ। त्रिवि

परीक्षा नियन्त्रण कार्यालय, बल्खुले दिएको जानकारी अनुसार पछिल्ला हरेक वर्षजसो सरदर तीन हजार विद्यार्थीले स्नातकोत्तर र नौ हजार विद्यार्थीले स्नातक तहको प्रथम वर्षको परीक्षा फाराम भर्ने गरेका छन्।

## अपर्याप्त जनशक्ति

पछिल्लो समय त्रिविका क्याम्पसहरू समाजशास्त्रमा स्नातक र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम चलाउन उत्साहित देखिए पनि यसको संस्थागत विकास गर्नेतर्फ भने न विश्वविद्यालय न सम्बन्धित क्याम्पसको कुनै रुचि रहेको देखिन्छ। उच्च शिक्षामा समाजशास्त्रको शैक्षिक कार्यक्रम स्वीकृत र सञ्चालन गर्न त्रिवि र आंगिक क्याम्पस जुन तहमा अग्रसर पाइन्छन् सोही तहमा शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक दरबन्दी सिर्जना गर्न र अन्य आवश्यक पूर्वाधार निर्माण गर्न भने उनीहरू पटक्कै अग्रसर छैनन्।

त्रिविका आंगिक क्याम्पसबाट प्राप्त तथ्यहरूले यो कुरालाई थप पुष्टि गर्छन्। उदाहरणका लागि त्रिविका पाँच ओटा - विश्वविद्यालय क्याम्पस, पाटन, त्रिचन्द्र, पद्मकन्या र पृथ्वीनारायण क्याम्पस (पोखरा) – बाहेक मुलुकका अन्य क्याम्पसमा अहिले रहेको शैक्षिक जनशक्तिले सम्बन्धित क्याम्पसमा रहेको समाजशास्त्र विभाग सञ्चालन हुनसक्ने देखिँदैन। *(हे. तालिका १ र २)* समाजशास्त्रमा स्नातक र स्नातकोत्तर तह दुवै तह पढाइ हुने धौलागिरि क्याम्पस, बाग्लुङ; त्रिभुवन क्याम्पस, पाल्पा; वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर; बुटवल क्याम्पस, बुटवल; भैरहवा क्याम्पस, भैरहवा र महेन्द्र क्याम्पस, दाङमा समाजशास्त्र पढाउनका लागि एक जना पनि शिक्षकको स्थायी दरबन्दी छैन। उल्लिखित सबै क्याम्पसमा करार र अन्य सीमित आंशिक शिक्षकबाट समाजशास्त्र विभाग सञ्चालन भैरहेका छन्।

समयक्रममा क्याम्पसका विभागहरू अध्ययन अध्यापनको मामिलामा स्वतः समृद्ध बन्दै जान्छन् भन्ने सोच्नु एउटा कुरा हो, तर यस्तो सोचाइ हाम्रो सन्दर्भमा भने गलत हुन्छ। किनकि पाको हुँदै जाँदा कतिपय क्याम्पसका समाजशास्त्र विभाग 'समृद्ध' होइन अरू 'कमजोर' बन्ने बाटोतर्फ छन्। यसको ज्वलन्त उदाहरण धौलागिरि क्याम्पस, बाग्लुङ हो। २०५९ सालमा समाजशास्त्र/मानवशास्त्रमा स्नातकोत्तरको शैक्षिक कार्यक्रम शुरू गर्दा आठ जना शिक्षकको मजबूत टीम रहेकोमा २०७२ मा आइपुग्दा खुम्चिएर सो समूह तीन जना (१ करार, २ आंशिक) मा झरेको छ। साविकको शिक्षण टीमलाई त्यहाँ टिकाइराख्न त्रिवि र सम्बन्धित क्याम्पस दुवै असफल भए जसको प्रत्यक्ष असर क्याम्पसको समाजशास्त्र विभागको पठनपाठनमा परेको छ।

उपत्यकाका केही क्याम्पसको अवस्था पनि उपत्यका बाहिरका क्याम्पसको अवस्था भन्दा खासै गतिलो छैन। जस्तै, भक्तपुर बहुमुखी क्याम्पस तथा सरस्वती बहुमुखी क्याम्पसमा करार शिक्षकले समाजशास्त्र विभाग संयोजन गरिरहेका छन्। र, यी क्याम्पसमा समाजशास्त्र विभाग मूलतः आंशिक शिक्षकका भरमा सञ्चालन भइरहेका छन्। रत्नराज्यलक्ष्मी क्याम्पसको अवस्था पनि यी दुईभन्दा खासै भिन्न छैन। यो क्याम्पसमा समाजशास्त्रमा स्नातक र स्नातकोत्तर तहको पढाइ हुन्छ, जसको सम्पूर्ण भार एक जना स्थायी, एक जना करार र केही आंशिक शिक्षकबाट धानिएको छ।

उपत्यका बाहिरका क्याम्पसमा कार्यरत केही शिक्षकले बताएअनुसार एउटा करार शिक्षकले हप्तामा २४ पिरियड र आंशिक शिक्षकले त्योभन्दा बढी कक्षा लिनुपर्ने बाध्यता छ। यस्तो अवस्थामा एउटै शिक्षकले विभिन्न विषय पढाउनुपर्ने हुन्छ, जुन

**तालिका १: उपत्यका भित्रका त्रिविका आंगिक क्याम्पस र तिनमा आबद्ध समाजशास्त्रका अध्यापक**

| क्याम्पस | शिक्षक संख्या | | |
|---|---|---|---|
| | स्थायी | करार | आंशिक |
| विश्वविद्यालय क्याम्पस, समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर | ९ | १ | ७ |
| पाटन बहुमुखी क्याम्पस, पाटन | १० | १० | १० |
| पद्मकन्या क्याम्पस, डिल्लीबजार | ४ | १० | १० |
| रत्नराज्य लक्ष्मी क्याम्पस, प्रदशनीमार्ग | १ | १ | ५ |
| त्रिचन्द्र क्याम्पस, घण्टाघर | ९ | १० | २० |
| सरस्वती बहुमुखी क्याम्पस, लैनचौर | ० | ४ | ५ |
| भक्तपुर क्याम्पस, भक्तपुर | ० | १ | ७ |

माध्यमिक तहमा पनि नभएको अभ्यास हो, यसले पढाइको स्तरमा स्वाभाविक रूपमै समस्या ल्याउँछ।

## निजी/सामुदायिक क्याम्पस पनि उस्तै

आंगिक क्याम्पसबाहेक त्रिविसँग सम्बन्धन लिएर अरू १७ ओटा निजी तथा सामुदायिक क्याम्पसले समाजशास्त्रमा स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम सञ्चालन गरेका छन्। यी क्याम्पसमा समाजशास्त्र अध्ययन अध्यापनको अवस्था पनि आंगिक क्याम्पसको भन्दा खासै बलियो छैन, बरु कमजोर छ। यी क्याम्पसमा पछिल्ला वर्षमा स्नातक र स्नातकोत्तर दुवै तहमा समाजशास्त्र विषयमा विद्यार्थी भर्ना दर घट्न पनि थालेको छ। केही क्याम्पसले 'स्नातकोत्तर कार्यक्रम बचाइ राख्न' का लागि मात्र विद्यार्थी संख्या थोरै भए पनि समाजशास्त्रमा एमए कार्यक्रम सञ्चालन गरिरहेका छन्।

अहिले उपत्यकामा समाजशास्त्र तहमा स्नातकोत्तर कार्यक्रम सञ्चालन गर्ने अधिकांश निजी तथा सामुदायिक क्याम्पसले विद्यार्थी शुल्कबाट शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्ने अवस्था देखिँदैन। त्रिविले निजी तथा सामुदायिक क्याम्पसलाई शैक्षिक कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिंदा सो क्याम्पससँग शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने पूर्णकालीन शिक्षक जस्ता पूर्वाधारको खोजी गरेको देखिंदैन। उदाहरणका लागि उपत्यकामा रहेका क्याम्पियन, पशुपति, ग्रामीण आदर्श, एक्टिभ एकेडेमी, मदन भण्डारी मेमोरियल आदि कलेजले आंशिक शिक्षकका भरमा स्नातकोत्तर तह सञ्चालन गरेका छन्। यीमध्ये केही कलेज (एक्टिभ एकेडेमी, क्लासिक आदि) विद्यार्थी अभावमा समाजशास्त्रको एमए प्रोग्राम बन्द गर्ने अवस्थामा पुगेका छन्।

## अनुसन्धानको दुरवस्था

नेपालमा समाजशास्त्रबारे आयोजना हुने सबैजसो कार्यक्रममा समाजशास्त्रलाई अनुसन्धान केन्द्रित विषयको रूपमा विकास गर्ने भनेर बहस, छलफल भएको पाइन्छ। समाजशास्त्रको पाठ्यक्रम परिमार्जन गर्दा समेत यस विषयलाई कसरी अनुसन्धानकेन्द्रित बनाउने

**तालिका २ : उपत्यका बाहिरका त्रिविका आंगिक क्याम्पस र तिनमा आबद्ध समाजशास्त्रका अध्यापक**

| क्याम्पस | शिक्षक संख्या | | |
|---|---|---|---|
| | स्थायी | करार | आंशिक |
| धौलागिरी क्याम्पस, बाग्लुङ, २०५९ | ० | १ | २ |
| महेन्द्र क्याम्पस, नेपालगञ्ज, २०६१ | १ | ३ | २ |
| त्रिभुवन क्याम्पस, पाल्पा, २०६५ | ० | १ | ३ |
| स्नातकोत्तर क्याम्पस, विराटनगर, २०५७ | १ | १ | ३ |
| पृथ्वीनारायण क्याम्पस, पोखरा, २०५९ | ७ | ५ | ० |
| वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६५ | ० | ३ | ६ |
| ठाकुरराम क्याम्पस, वीरगञ्ज, २०६९ | १ | ० | ५ |
| रामस्वरुप रामसागर क्याम्पस, जनकपुर २०६५ | २ | ० | ३ |
| बुटवल क्याम्पस, बुटवल, २०७० | ० | १ | ६ |
| भैरहवा क्याम्पस, भैरहवा, २०६५ | ० | २ | २ |
| महेन्द्र क्याम्पस, दाङ | २ | १ | २ |
| मेची क्याम्पस, झापा २०६८ | ० | ३ | ० |
| महेन्द्ररत्न क्याम्पस, इलाम, २०६४ | ० | २ | २ |

*स्रोतः सम्बन्धित क्याम्पसका विभाग, २०७२*

**समाजशास्त्रमा अहिले अध्यापन गरिरहेको जनशक्ति स्वयं नै सामाजिक अनुसन्धानमा पारंगत होइन। तीमध्ये धेरै अध्यापकको अनुसन्धान अनुभव भनेको आफूले अध्ययन गर्दा गरेको थेसिस वर्क मात्रै हो। सामाजिक अनुसन्धानमा कुनै उल्लेख्य अनुभव नभएको अध्यापकले विद्यार्थीलाई दिने भनेको पुस्तकमा लेखिएको कोरा ज्ञान मात्रै हो।**

भन्नेमा विशेष ध्यान दिएको देखिन्छ। समाजशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको जनशक्ति कमसेकम सामाजिक अनुसन्धानबारे परिचित होओस् र आवश्यक अनुसन्धान गर्न समेत सक्षम होओस् भन्ने उद्देश्यबाट समाजशास्त्रको पढाइ निर्देशित छ। त्यसैले स्नातकोत्तर तहमा सबै विद्यार्थीलाई अनुसन्धानका विविध सैद्धान्तिक पक्ष पढाइनुका अतिरिक्त सय पूर्णांकको अनुसन्धानमा आधारित 'थेसिस वर्क' अनिवार्य गरिएको छ।

तर, अनुसन्धानकेन्द्रित पाठ्यक्रम निर्माण गर्दैमा वा सबै विद्यार्थीलाई 'थेसिस' अनिवार्य पार्दैमा समाजशास्त्रलाई अनुसन्धानकेन्द्रित विषय बनाउन नसकिने तथ्य समयक्रमसँगै पुष्टि हुँदै आएको छ। त्रिवि अन्तर्गतका केही विभागलाई छाड्ने हो भने समाजशास्त्रमा अहिले अध्यापन गरिरहेको जनशक्ति स्वयं नै सामाजिक अनुसन्धानमा पारंगत जनशक्ति होइन। तीमध्ये धेरै अध्यापकको अनुसन्धान अनुभव भनेको आफूले अध्ययन गर्दा गरेको थेसिस वर्क (कतिपय अवस्थामा झारा टार्ने हिसाबले) मात्रै हो। त्यसैले जुन अध्यापक स्वयंको सामाजिक अनुसन्धानमा कुनै उल्लेख्य अनुभव छैन उसले विद्यार्थीलाई दिने भनेको पुस्तकमा लेखिएको कोरा ज्ञान मात्रै हो। तर अनुसन्धान भनेको पाकशास्त्र जस्तै हो, पढेर मात्र पुग्दैन। तसर्थ, कस्ता विद्यार्थी उत्पादन हुँदैछन् भन्ने एक हदसम्म आकलन गर्न तिनका शिक्षकको अनुसन्धान अनुभव हेरे पुग्छ।

अर्को कुरा, माथि उल्लेख गरेझैं, अधिकांश कलेजमा समाजशास्त्र पढाउने जनशक्ति निकै कम छ जसले गर्दा एकै शिक्षकले धेरै विषय पढाउने मात्रै होइन, धेरै विद्यार्थीको थेसिस निरीक्षण गर्नुपर्ने बाध्यता पनि छ। यसले गर्दा थेसिस लेखनका दौरानमा शोध निर्देशकबाट विद्यार्थीलाई जुन तहको 'मेन्टरिङ' आवश्यक हुन्छ, त्यो सम्भव देखिँदैन। त्यसबाहेक, विश्वविद्यालयभित्र र बाहिर सामाजिक अनुसन्धानका लागि आवश्यक पर्ने संस्थागत संयन्त्र र आवश्यक बजेट उपलब्ध छैन। सामाजिक अनुसन्धानका लागि आवश्यक पर्ने संस्थागत पूर्वाधार (अनुसन्धानमा सक्षम मेन्टर, सन्दर्भ पुस्तकालय, सेमिनार कल्चर र अनुसन्धानका लागि फेलोसिप आदि) को आवश्यक प्रबन्ध नभएसम्म विश्वविद्यालयको पाठ्यक्रम जति नै अनुसन्धानमुखी बनाए पनि यसले खासै सामाजिक अनुसन्धान गर्न सक्ने सक्षम समाजशास्त्रीहरू उत्पादन गर्न सम्भव देखिँदैन।

## अन्त्यमा

२०४६ सालको राजनीतिक परिवर्तनपछि समाजका अन्य क्षेत्रमा जस्तै नेपालको उच्च शिक्षा क्षेत्रमा पनि ठूलो परिवर्तन आएको छ। चाहे त्यो शिक्षण संस्था होस् या विद्यार्थी संख्या होस्, शिक्षाको समग्र क्षेत्रमा अभूतपूर्व विस्तार देखिन्छ। उच्च शिक्षा क्षेत्रमा देखिएको यो विस्तारलाई अलि मिहिन पाराले केलाउने हो भने नेपालको उच्च शिक्षा क्षेत्रमा नीति विहीनता र गतिछाडापन प्रष्ट देखिन्छ। सोही कुरा पछिल्लो समय द्रुत गतिमा विस्तार भएको समाजशास्त्र विषयको पढाइबारे पनि भन्न सकिन्छ। तर यस्तो विस्तारले गुणस्तरीय विद्यार्थी उत्पादन गर्न सक्दैन। समाजशास्त्रमा उच्च शिक्षाको प्रमाणपत्र लिनेको संख्या बढ्नु भनेको समाजशास्त्रको विकास हुनु होइन।

समाजशास्त्र/मानवशास्त्र विभागको औपचारिक विभाजनपछि समाजशास्त्र विभागले यही मंसीर ५ गते काठमाडौंमा 'सोसियोलोजी अफ नेपालः प्रिजेन्ट एण्ड फ्युचर' विषयक राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो। सम्मेलनमा उपस्थित केही वक्ता र सहभागीको जोड पाठ्यक्रम परिमार्जन, समाजशास्त्रीहरूको 'प्रोफेसनल एसोसिएसन' गठन र समाजशास्त्रीको बेग्लै जर्नल प्रकाशन आदिमा देखिन्थ्यो। तर, समाजशास्त्रको अध्ययन-अध्यापनमा देखिएका र माथि चर्चा गरिएका विषयमा त्यहाँ कुनै छलफल गरिएन। यस विषयमा उच्च शिक्षा सुधार परियोजनामा पनि केही उल्लेख नहुनु र समाजशास्त्रीहरूको भेलामा समेत कुनै चर्चा नहुनुले नेपालको उच्च शिक्षाले चाँडै गुणात्मक फड्को मार्ला भनेर आशा र विश्वास गर्ने खास आधार दिंदैन।

(लेखकहरू मार्टिन चौतारीका अनुसन्धाता हुन्)